# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५०) काठमाडौं, साउन १ गते २०५७ साल (अतिरिक्ताङ्क १८ (च)

## भाग ३

श्री ५ को सरकार

### मन्त्रिपरिषद् सचिवालयको

### सूचना १

श्री ५ को सरकारले राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक र सुविधा सम्बन्धी नियमावली, २०५२ को नियम ३ को उपनियम (२) को प्रयोजनको लागि मिति २०५७ साउन १ गतेदेखि लागू हुने गरी राजपरिषद् स्थायी समितिका सभापति र सदस्यहरूको पारिश्रमिक देहायबमोजिम निर्धारण गरेको छ।

| क्र.सं. | पद | मासिक पारिश्रमिक |
|---|---|---|
| १. | सभापति | रू. १८,०००।– |
| २. | स्थायी समितिका सदस्यहरू | रू. १४,२००।– |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

श्री ५ को सरकारले राजगुरुज्यू तथा मूल पुरोहित सम्बन्धी नियमावली, २०४९ को नियम १५ ले दिएको अधिकार प्रयोग गरी मिति २०५७ साउन १ गतेदेखि लागू हुने गरी बडागुरुज्यू, नायब बडागुरुज्यू र मूल पुरोहितको पारिश्रमिक देहायबमोजिम निर्धारण गरेको छ।

| क्र.सं | पद | मासिक पारिश्रमिक |
|---|---|---|
| १. | बडागुरुज्यू | रू. १५,०००।– |
| २. | नायब बडागुरुज्यू | रू. १४,०००।– |
| ३. | मूल पुरोहित | रू. १२,३४०।– |

आज्ञाले,
शशिकान्त मैनाली
श्री ५ को सरकारको सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।